# राजस्व न्यायाधिकरण काठमाडौं
## इजलास
## माननीय अध्यक्ष श्री किशोर सिलवाल
## राजस्व सदस्य श्री नरनाथ गिरी
## लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं
## फैसला

२०७५।०७६ सालको निर्णय नं. १०३

पुनरावेदन नं. ९७-०७६-RB-००२६

**मुद्दाः- मूल्य अभिवृद्धि कर (आ.व. २०६९/०७०) ।**

जिल्ला काठमाण्डौ साविक जोरपाटी गा.वि.स. वडा ७ हाल परिवर्तित गोकर्णेश्वर न.पा.वडा नं. ८ स्थित शेर्पा स्टोर एण्ड सप्लायर्स (स्थायी लेखा नं. ३०४२३६७९२) को तर्फबाट प्रो.सोनाम शेर्पा..........................................१ } पुनरावेदक

**विरुद्ध**

श्री आन्तरिक राजस्व कार्यालय, चावहिल (साविक आ.रा.का. काठमाण्डौ क्षेत्र नं. १ बबरमहल) ................................................................................ १
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट..................................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री सुदिप नेपाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

अविलम्वित नजीरः ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, चावहिल (साविक काठमाण्डौ क्षेत्र नं. १, बबरमहल)

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री कृष्ण प्रसाद पराजुली

शुरु कर्यालयको निर्णय मितिः-२०७४/०६/२०

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५।१२।८

पुनरावेदक कम्पनीका हकमा आन्तरिक राजस्व कार्यालय, चावहिल (साविक आ.रा.का. काठमाण्डौ क्षेत्र नं. १ बबरमहल) समेतबाट मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णय नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री शेर्पा स्टोर एण्ड सप्लायर्सले आ.व. २०६९/०७० को पूर्ण कर परीक्षणको सिलसिलामा करदाताको आय विवरण मूल्य अभिवृद्धि कर विवरण तथा अन्य प्राप्त कागजात परीक्षण गरी पेश गरेको कर लेखा परीक्षण प्रतिवेदनको आधारमा कर र जरिवाना समेत जम्मा रू. १५३१८९०।- को मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम प्रारम्भिक कर निर्धारण आदेश भई मिति २०७४/०५/२३ मा करदाताको नाममा जारी भएको ।

२. उल्लेखित कर निर्धारण हुनु नपर्ने वा परिवर्तन गर्नुपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्नु भनी मूल्य अभिवृद्धि कर ऐन २०५२ को प्रयोजनका लागि मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम आन्तरिक राजस्व कार्यालय, चावहिलबाट विस्तृत व्यहोरा खुलाइ लिखित सूचना जारी गरिएकोमा उक्त सूचना करदाता सम्पर्कमा आएता पनि करदाताले पत्र नबुझेकाले सो सूचनामा निजको ठेगानामा हुलाकबाट रजिष्ट्र गरी पत्राचार गरिएको तथा मिति २०७४/५/३० को गोरखापत्र दैनिकमा सूचना समते प्रकाशित गरिएको ।

३. उक्त आ.व. २०६९।०७० को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७४।५।२३, च.नं. ६८ को पत्र करदाताको स्थायी ठेगानामा हुलाकद्वारा रजिष्ट्री गरी पत्राचार गरिएको तथा मिति २०७४।५।३० को गोरखापत्रमा सूचना समेत प्रकाशित गरिएकोमा मिति २०७४।६।२० सम्म जवाफ तथा आय विवरण र मू.अ.कर विवरणलाई पुष्टि गर्ने प्रमाण कागजात, खरिद बिक्री विल विजक तथा कारोबारको लेखा खर्च विल भरपाई जाँच तथा परीक्षणको लागि कुनै कागजात पेश नै नगरी म्याद गुजारी बसेको हुँदा प्रारम्भिक कर निर्धारण आदेश बमोजिम कर निर्धारण हुनु पर्ने ।

४. मू.अ.कर ऐन २०५२ को दफा २०(१) को देहाय (ख) बमोजिम रू. १०७४६८१।- मु.अ.कर. ऐन को दफा २९(१ क) बमोजिम २० प्रतिशत जरिवाना रू. ४५७२०९।- तथा दफा २६ बमोजिमको व्याजको सम्बन्धमा करदाता उक्त कर अवधिमा क्रेडिट अवस्थामा रहेकोले ऐनको दफा १९ को उपदफा (६) बमोजिम व्याज र दस्तुर गणना गरी रहनु नपर्ने आन्तरिक राजस्व कार्यालय, चावहिलबाट मिति २०७४/०६/२० मा खडा भएको निर्णय पर्चा ।

५. आन्तरिक राजस्व कार्यालय, चावहिलले मिति २०७४/६/२० मा जारी गरेको आ.व. आ.व. २०६९/०७० को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी श्री शेर्पा स्टोर एण्ड सप्लायर्सले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/७/२६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. पुनरावेदकलाई शुरु कर कार्यालयबाट भएको कर निर्धारण आदेशको सूचना पठाउँदा नबुझेकोले हुलाकमार्फत रजिष्ट्री गरी पठाएको र मिति २०७४।५।३० मा गोरखा पत्र दैनिक मा सूचना समेत जारी गरेको मिसिल संलग्न कागजातबाट देखिन्छ । सुनुवाईको मौका नै दिइएन भन्ने पुनरावेदकको जिकिर पत्यारलायक नदेखिंदा शुरु कार्यालयबाट भएको कर निर्धारण आदेश कानून सम्मत रहेको भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/१२/०८ मा भएको निर्णय ।

७. पुनरावेदक आफू विदेश रहेको अवस्थामा कारोबारसँग सम्बन्धित कागज प्रमाण पेश गर्ने मौका समेत प्रदान नगरी भएको कर निर्धारण आदेश कानून प्रतिकूल छ । गैरकानूनी कर निर्धारण आदेश बदर गरी आफूबाट पेश भएको विल भरपाई सबुत प्रमाणको मुल्यांकन गरी पाउँ भनी विभागमा समेत पुनरावलोकनको लागि निवेदन दिएकोमा मेरो निवेदन र सबुत प्रमाणको सम्बन्धमा कुनै सुनुवाई नै नगरी शुरु कर कार्यालयबाट भएको कर निर्धारण आदेश कानून सम्मत रहेको भनी विभागबाट समेत शुरुको निर्णय सदर गर्ने कार्य भएको हुँदा उक्त निर्णय उल्टी गरी सो सम्बन्धमा

पुनरावेदकलाई सबुत प्रमाण पेश गर्ने मौका समेत प्रदान गरी पुनः निर्णयको लागि शुरु कार्यालयमा पठाई पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७६/५/४ मा यस न्यायाधिकरण समक्ष पेश भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७६/०८/१३ मा भएको आदेश ।

**ठहर खण्ड**

९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. पुनरावेदक करदाताको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री सुदिप नेपालले पुनरावेदक आफू विदेश रहेको अवस्थामा कारोबारसँग सम्बन्धित कागज प्रमाण पेश गर्ने मौका समेत प्रदान नगरी भएको कर निर्धारण आदेश कानून प्रतिकूल छ । गैरकानूनी कर निर्धारण आदेश बदर गरी आफूबाट पेश भएको विल भरपाई सबुत प्रमाणको मुल्यांकन गरी पाउँ भनी विभागमा समेत पुनरावलोकनको लागि निवेदन दिएकोमा मेरो निवेदन र सबुत प्रमाणको सम्बन्धमा कुनै सुनुवाई नै नगरी शुरु कर कार्यालयबाट भएको कर निर्धारण आदेश कानूनसम्मत रहेको भनी विभागबाट समेत शुरुको निर्णय सदर गर्ने कार्य भएको हुँदा उक्त निर्णय उल्टी गरी सो सम्बन्धमा पुनरावेदकलाई सबुत प्रमाण पेश गर्ने मौका समेत प्रदान गरी पुनः निर्णयको लागि शुरु कार्यालयमा पठाई पाउँ भनी गर्नु भएको बहस समेत सुनियो ।

११. प्रत्यर्थीको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेतले पुनरावेदकलाई प्रारम्भिक कर निर्धारण आदेशको सूचना पठाइएको र सो सूचना नबुझेको हुँदा निजको ठेगानामा हुलाकबाट पत्राचार गर्दा समेत उपस्थित नभएको हुँदा मिति २०७४।५।३० को गोरखापत्र दैनिकमा समेत सूचना प्रकाशित गरेको मिसिल संलग्न कागजातबाट देखिएको छ । आफू विदेश गएको अवस्थामा सुनुवाईको मौका नै प्रदान नगरी कर निर्धारण आदेश भयो भन्ने पुनरावेदकको भनाई पत्यारलायक नहुँदा शुरु तथा विभागबाट समेत भएको कर निर्धारण आदेश कानून सम्मत हुँदा सदर होस भनी गर्नु भएको बहस समेत सुनियो ।

१२. यसमा प्रत्यर्थी कर कार्यालयबाट भएको कर निर्धारण आदेश कानून सम्मत छ छैन रु पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम हुने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

१३. निर्णय तर्फ विचार गर्दा, सुनुवाईको मौका नै प्रदान गरिएन भन्ने पुनरावेदकको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दाः नेपालले स्वयंमकर निर्धारण प्रणालीलाई अवलम्बन गरेको र यस प्रणालीमा करदाता स्वयं नै कर अधिकृत हुने र आफ्नो आय व्ययको यथार्थ विवरण पेश गर्ने जिम्मेवारी समेत निजैमा रहनेमा विवाद रहेन । पुनरावेदक स्वयं आफैले पेश गरेको आय विवरणमा पुनरावेदकले छिमेकी मार्ट दलिकर स्टेशन, चामुण्डा सप्लायर्स र देव श्री ट्रेडिङ्ग प्रा.लि सँगको कारोबारमा कर दायित्व कम गर्ने उद्देश्यले करदाताले बास्तविक भन्दा कम खरिद तथा विक्री देखाई विवरण पेश गरेको हुँदा सो रकमको हदसम्ममा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम १३ प्रतिशत मूल्य अभिवृद्धि कर र ऐ.ऐनको दफा २९(२) बमोजिम शतप्रतिशत जरिवाना गर्ने र करदाता सो अवधिमा क्रेडिट अवस्थामा रहेकोले दफा १९ को थप दस्तुर दफा २६ को व्याज गणना नगर्ने र करदाताले नपाउने क्रेडिट दावी गरेको देखिएको हुंदा सो क्रेडिट दावीलाई अमान्य गर्ने र ऐनको दफा २९(१)(क) बमोजिम २० प्रतिशत जरिवाना गर्ने गरी प्रारम्भिक कर निर्धारण आदेश भएको र सो प्रारम्भिक कर निर्धारण आदेश बमोजिमको रकम दाखिला गर्नु नपर्ने कुनै सबुत प्रमाण भए लिखित जवाफ पेश गर्न भनी दिएको सूचना बुझी लिइ कानून बमोजिम आफूलाई निर्धारित दायित्व समेत पुनरावेदक करदाताले पुरा गरेको पनि देखिदैन, मौकामा सूचना नबुझेको हुँदा पुनरावेदकको स्थायी ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको मिसिल संलग्न पत्रबाट देखिन्छ, सो समेत प्राप्त नभएको भन्ने र मिति २०७४।५।३० मा गोरखापत्र दैनिकमा सूचना जारी भएको भन्ने मिसिल संलग्न पत्रिकाको प्रतिलिपिबाट देखिएको छ । आफू विदेशमा रहेकोले थाहा नपाएको भन्ने आधारमा सुनुवाईको मौका नै प्रदान भएन भन्ने पुनरावेदन जिकिर कानून सम्मत मान्न नमिल्ने हुँदा कर कार्यालयबाट भएको कर निर्धारण आदेशलाई अन्यथा गर्नु पर्ने देखिन आएन ।

१४. अतः माथी विवेचित आधार र कारणबाट स्थायी लेखा नं. ३०४२३६७९२ भएका पुनरावेदक करदाता श्री शेर्पा स्टोर एण्ड सप्लायर्सको आ.व. २०६९/०७० को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा तत्कालिन आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. १ बबरमहल (हाल आन्तरिक राजस्व कार्यालय, चावहिल) बाट मिति २०७४।०६।२० मा भएको निर्णय एवं सो निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।१२।०८ मा भएको निर्णय मिलेको देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

१५. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू ।

१६. सरोकारवालाले फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू ।

१७. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

नरनाथ गिरी
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुने:-</u>

<u>शाखा अधिकृतः श्री लेख बहादुर कोइराला</u>

<u>कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी</u>

<u>फाँटः</u>

इतिसम्बत २०७६ साल माघ ९ गतेरोज ५ शुभम......